आज मिति २०८१ साल जेठ १४ गते दिनको ११ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८०/०८१ को पन्धौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम वुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री गोविन्द भट्टराई | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | रनवीर वुढा | अधिकृत छैठौं | |
| २ | रेकम पोखेल | लेखापाल | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | गन बहादुर थापा | सहयोगी | |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम वुढाथोकी
अध्यक्ष

## पन्ध्रौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. समिक्षा सम्बन्धमा ।

२. सभाको मिति तय सम्बन्धमा ।

३. नविकरणीय उर्जा प्रविधि जडान सम्बन्धमा ।

४. उत्कृष्ट कार्य सम्पादन गर्ने शिक्षक तथा कर्मचारीलाई सम्मान गर्ने सम्बन्धमा ।

५. स्थानीय उत्पादनको प्रयोगमा प्रोत्साहन सम्बन्धमा ।

६. विभिन्न कानुनहरु स्वीकृत सम्बन्धमा ।

७. जलश्रोत उपयोग अनुमती पत्र प्रदान सम्बन्धमा ।

८. शिक्षा समितिको पदाधिकारी सम्बन्धमा ।

९. विविध छलफल सम्बन्धमा ।

## २०८१ जेठ १४ गते बसेको पन्ध्रौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १. | समिक्षा सम्बन्धमा । | अघिल्ला कार्यपालिका बैठकहरुको समिक्षा गर्न आवश्यक रहेको । | गाउँ कार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरु समिक्षा गरियो ।कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २ | सभाको मितिं तय सम्बन्धमा । | गाउँ सभाको सोह्रौं अधिवेशनको मिति तय गर्न आवश्यक देखिएको । | चालु आ.व.को नीति तथा कार्यक्रम र वजेट अधिवेशनका लागि मिति २०८१/०२/२४ गते गाउँसभाको सोह्रौं अधिवेशनको पहिलो वैठक आह्वान गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ३ | नविकरणीय उर्जा प्रविधि जडान सम्बन्धमा । | नवीकरणीय उर्जा प्रविधि जडान गर्न आवश्यक रहेको । | नवीकरणीय उर्जा प्रविधि जडान (वायोग्याँस/विद्युतीय चुलो/सुधारिएको चुलो/ सौर्य उर्जा) खर्च शिर्षक ३११५३ तर्फको रु ८०००००।–(अक्षरुपी आठ लाख रुपैया मात्र)बाट खर्च भई बाँकी रहेको रकमबाट सडक वत्ति तथा इन्भटर जडान गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ४ | उत्कृष्ट कार्य सम्पादन गर्ने शिक्षक तथा कर्मचारीलाई सम्मान गर्ने सम्बन्धमा । | गाउँपालिका तथा मातहतमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई सम्मान गर्न आवश्यक रहेको । | गाउँपालका तथा मातहतका कार्यालयहरुमा कार्यरत रही उत्कृष्ट कार्य सम्पादन गर्ने शिक्षक तथा कार्मचारीहरुलाई आगामी गाउँसभाबाट सम्मानका लागि उत्कृष्ट शिक्षक तथा कर्मचारी छनौट गर्न तपसिल वमोजिमको ९ सदस्यीय कार्यदल गठन गर्ने ।<br>**तपसिल**<br>क. प्रमुख प्रशासकीय अधिकृत -संयोजक<br>ख. सबै विषयगत समितिका संयोजक -सदस्य<br>ग. शिक्षा शाखा प्रमुख -सदस्य<br>घ. स्वास्थ्य शाखा प्रमुख -सदस्य<br>ङ. प्रशासन शाखा प्रमुख -सदस्य सचिव | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५ | स्थानीय उत्पादनको प्रयोगमा प्रोत्साहन सम्बन्धमा । | गाउँपालिका क्षेत्रभित्र रहेका उत्पादन भएका वस्तुहरुमा प्रोत्साहन गरी अधित्तम प्रयोगमा ल्याउनु पर्ने देखिएको । | गाउँपालिका क्षेत्र भित्र उत्पादन हुनें बस्तुको प्रयोग गरी प्रोत्साहन गर्ने दिवा खाजाकोरुपमा सवै विद्यालयहरुले हप्ताको एक दिन अनिवार्य स्थानीय उत्पादन भएका खाद्यान्नहरु खुवाउने व्यवस्था मिलाउन शिक्षा यूवा तथा खेलकुद शाखालाई निर्देशन गर्ने र गाउँपालिका/वडा कार्यालयहरुले आवश्यकता अनुसार अनुगमन नियमन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ६ | विभित्र कानुनहरु स्वीकृत सम्बन्धमा । | स्थानीय तह स्वास्थ्य संस्था फार्मेसी सेवा सञ्चालन कार्यविधि, २०८१ र सुनिलस्मृति गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ लाई स्वीकृत गर्न आवश्यक देखिएको । | विभिन्न मितिमा बसेको कानुन मस्यौदा समितिबाट विधायन समितिमा सिफारिस भई विधायन समितिबाट स्वीकृतका लागि गाउँ कार्यपालिकामा सिफारिस भई आएको स्थानीय तह स्वास्थ्य संस्था फार्मेसी सेवा सञ्चालन कार्यविधि, २०८१ र सुनिलस्मृति गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ लाई स्वीकृत गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ७ | जलश्रोत उपयोग अनुमती पत्र प्रदान सम्बन्धमा । | जलश्रोत उपयोग अनुमति पत्र प्रदान गर्न आवश्यक रहेको । | स्थानीय गाउँ जलश्रोत समितिको वैठकबाट निर्णय भई पेश भएका मिझिङ खानेपानी तथा सरसफाई उ.स. स्किम नं. ८, सिल्थापे, रोल्पालाई जलश्रोत उपयोग अनुमति पत्र प्रदान गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

भगिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ८ | शिक्षा समितिको पदाधिकारी सम्बन्धमा । | गाउँ शिक्षा समितिका पदाधिकारीहरुको पदावधि (समय) सकिएको हुदाँ पुनः समिति गठन गर्न आवश्यक रहेको । | गाउँ शिक्षा समितिका पदाधिकारीहरुको पदावधि सकिएको हुदाँ तपसिल वमोजिमको नयाँ शिक्षा समिति गठन गर्ने ।<br>**तपसिल**<br>क. मणिराम बुढाथोकी -संयोजक<br>ख. लोकेन्द्र बहादुर थापा -सदस्य<br>ग. संगिता वि.क. -सदस्य<br>घ. रेगम जि.सी. -सदस्य<br>ङ. नेत्र बहादुर गिरी -सदस्य<br>च. नम बहादुर वि.क. -सदस्य<br>छ. रितादेवी थापा -सदस्य<br>ज. डोर बहादुर पुन -सदस्य<br>झ. यादव के.सी. -सदस्य सचिव | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ९ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>क) झोलुङ्गे पुल लिलामि गर्ने सम्बन्धमा ।<br>ख) कक्षा थप सम्बन्धमा ।<br>ग) BOQ को भेरिएसन तथा दररेट कायम गर्ने सम्बन्धमा । | क) यस गाउँपलिका वडा नं. १ र २ जोड्ने माडिखोला (माडिचौर/तिनतुक)मा जिर्ण अवस्थामा रहेको झोलुङ्गेपुल लगाएत अन्य विस्थापित झोलुङ्गे पुलहरुलाई लिलामि प्रक्रिया अगाडि बढाउने शैद्धान्तीक सहमती दिने ।<br>ख) वडा नं. ७ स्थित श्री शिवालय प्राथमिक विद्यालय तेबाङ रोल्पालाई कक्षा ६ थप गर्न अनुमति प्रदान गर्ने ।<br>ग) जनज्योति मावि वडा नं. ६ को भवन निर्माण गर्दा BOQ Item No. १५ को Reinforcement Work को परिमाण २२६३६.८१ के.जी. मात्र रहेको र उक्त परिमाण पुरै भवन निर्माण गर्न अपुग देखिएकोले थप ४०४००.७९ के.जी. परिमाण आवश्यक देखि र भेरिएशन सुची (Variation Chart) मा उल्लेखित अरु Item हरु भेरिएशन आवश्यक देखि BOQ भेरिएसन गर्ने तथा BOQ Item No. १५ को Reinforcement Work को सुरुको परिमाण बराबरको काम पुरानै दररेटमा (सुरुको सम्झौता दररेट) गर्ने र थप भएको परिमाण समझदारीमा निम्नानुसार नयाँ दररेट कायम गर्ने ।<br>**निम्न**<br>कामको नाम : Reinforcement word<br>इकाई : KG<br>सुरुको सम्झौता रकम : १००<br>कार्यालयको दररेट : १३५.०९<br>समझदारी दररेट : ११० | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।<br><br>"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।<br><br>"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी